Vol. 9, No. 1, 2023 (May) 96–102
**The Journal of Knowledge and Innovation**
**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# शब्दातीत शान्तनु उपन्यासमा पात्रविधान

**खगेश्वर भट्टराई**
नेपाली र नेपाली शिक्षा विषय शिक्षण विभाग, भोजपुर बहुमुखी क्याम्पस, भोजपुर

Email: bhattaraikhageswar@gmail.com

## सारलेख

प्रस्तुत लेख शब्दातीत शान्तनु उपन्यासमा पात्रविधान विषयसम्बद्ध छ भने यही विषयलाई मुख्य समस्या चयन गरिएको छ । पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको यस लेखको मुख्य समस्या समाधानका लागि शब्दातीत शान्तनु उपन्यासमा पात्रगत उपस्थितिको अवस्था,प्रमुख पात्र र सहायक पात्रको भूमिका विश्लेषणसम्बद्ध शोध्यप्रश्न निर्धारण गरिएका छन् । गुणात्मक अनुसन्धानविधि पाठविश्लेषणकेन्द्री विवेचनात्मक र विश्लेषणात्मक ढाँचा अवलम्बन भएको यस लेखमा विधासिद्धान्त अन्तर्गतको आख्यानमा पात्रविधानलाई सैद्धान्तिक अवधारणा चयन गरिएको छ । आख्यानात्मक विधामा कथ्य विषयलाई गतिशील तुल्याई आरम्भदेखि निष्कर्षसम्म डोहोर्याउने तत्त्वका रूपमा पात्रको भूमिका अहं रहने गर्दछ । आख्यानमा पात्र समाख्याता, सम्बोधक, सम्बोधित तथा पाठकका रूपमा समेत रहने आख्यानशास्त्रीय मान्यतासँगै कृतिमा कुन पात्रको भूमिका कसरी ? र किन ?प्रयोग भएको छ भन्ने विषयको अध्ययन पात्रविधानअन्तर्गत गरिन्छ । यस लेखमा शब्दातीत शान्तनु सामन्तवादी समाजव्यवस्थाको विचारधारालाई अङ्गीकार गरी जीवनयापन गर्ने शान्तनुबाबू र उसैको मुख्य भूमिकाभित्र सहायक चरित्रको भूमिकामा रहेका मालिक्नीसाहेब र शकुन्तलादेवी लगायत शान्तनुबाबूकै विचारधारात्मक पदचापमा हिँड्न बाध्य तुल्याइएका सहयोगी र गौण चरित्रको पात्रविन्यास भएको निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी:**
आख्यान, विधासिद्धान्त, पात्र, प्रमुख, सहायक, गौण पात्र ।

**Article information**
Manuscript received: March 24, 2023; Accepted: May 5, 2023
DOI https://doi.org/10.3126/jki.v9i1.53513
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## १. विषयपरिचय

नेपाली आख्यानअन्तर्गत उपन्यास उपविधाको दोस्रो चरण (२०२१-हालसम्म) मानिने अवधिमा उपन्यास लेख्ने वानीरा गिरि (वि.सं.२००३-२०७८)का कारागार (२०३५), निर्बन्ध (२०४२)र शब्दातीत शान्तनु (२०५६) उपन्यास प्रकाशित रहेका छन् । साहित्यलेखनमा वि.सं.२०१४ सालमा कदम बढाऊ शीर्षकको कवितामार्फत नेपाली साहित्य लेखनमा औपचारिक तवरले प्रवेश गरेकी गिरि कवि, निबन्धकार, उपन्यासकार, नियात्राकार व्यक्तित्वका रूपमा क्रियाशील रहे पनि उपन्यासकार व्यक्तित्वका रूपमा यिनको व्यक्तित्व विशेष स्थापित रहेको छ । गिरिका उपन्यासमा मानवीय अस्तित्वको खोजी, जीवनप्रति निराशा, जोखिममा रहेको नेपाली नारीको अस्मिता, परपीडक प्रवृत्ति, सामाजिक विखण्डन, नेपाली समाजको वर्गीय धरातल, नारी अस्तित्व, विसङ्गत जीवनको प्रस्तुति, स्वेच्छाचारी, स्वार्थी एवं व्यक्तिवादी प्रवृत्तिको चित्रण, परम्परागत आदर्श र विषयलाई नवीन दृष्टिकोणमा प्रस्तुत गर्नु, स्वस्थ र मर्यादित यौनजीवनको पक्षमा वकालत, दुखद र त्रासद वातावरण, नेपाली समाजमा विद्यमान पितृसत्तात्मक चिन्तनको प्रस्तुति, शिक्षित, बौद्धिक, तर्कशील पात्रको प्रयोग, मूलतः सहरिया मध्यमवर्गीय र आंशिक रूपमा ग्रामीण परिवेशको चित्रण, सामाजिक मनोविज्ञान, प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको उपयोग, प्रवाहपूर्ण, सशक्त, चित्रात्मक भाषिक विन्यास, कवितात्मक शैली, बिम्ब तथा प्रतीकको प्रयोगजस्ता प्रवृत्ति पाइन्छन् । नेपाली उपन्यास परम्परामा सङ्ख्यात्मक हिसाबले थोरै उपन्यास लेख्ने गिरिका उपन्यासले फरक निजत्व कायम गरेका छन् । उनका उपन्यासले नेपाली उपन्यास परम्परामा आदर्शोन्मुख यथार्थवादी, आलोचनात्मक यथार्थवादी, मनोविश्लेषणवादी, प्रतीकवादी साथै बौद्धिक दृष्टिकोणलाई प्रस्तुत गरेको पाइन्छ । आधुनिक नेपाली उपन्यास परम्पराको दोस्रो चरणमा उपन्यासलेखनमा प्रवृत्त भएकी गिरिका तीनओटा उपन्यासमध्ये पछिल्लो शब्दातीत शान्तनु (२०५६)उपन्यासमा सामाजिक, तथा सामूहिक

भावनाका साथै परम्परागत आदर्शलाई नवीन तरिकाले प्रस्तुत गरिएको छ । उच्च कुलीन वर्गमा हुने विखण्डन, सम्पन्न र सामन्ती जमिन्दारहरू शोषक हुन्छन् भन्ने सामाजिक, आर्थिक एवं राजनीतिक क्षेत्रमा व्याप्त अवधारणाको विपरीत प्रस्तुति, विधवा नारीले पारिवारिक रूपमा गर्नुपर्ने सङ्घर्ष, अस्तित्वका लागि सङ्घर्षरत जीवन, उदार र सहयोगी हुँदाहँदै पनि पराजित हुनुपर्ने स्थिति, सामाजिक, सांस्कृतिक अवस्थाको अङ्कन जमिन्दारी प्रथा, काव्यान्यासको चिन्तन, तराईको सङ्क्रमणकालीन नेपाली समाजको चित्रण भएको प्रस्तुत उपन्यास पात्रप्रयोगका हिसाबले पनि प्रयोगपरक देखिन्छ ।

औपन्यासिक कृतिको कथानकलाई उत्तरोत्तर अगाडि बढाउन पात्रले संवाहकको भूमिका निर्वाह गरेका हुन्छन् । उपन्यासको कार्यव्यापारलाई अघि बढाउन आउने पात्रहरूले कृतिमा प्रस्तुत भएको सामाजिक, सांस्कृतिक साथै अन्य पक्षको प्रकटीकरणका लागि महत्त्वपूर्ण घटकको कार्य गर्दछन् । आख्यानको एक प्रकार मानिने उपन्यासमा पात्रले घटना र लेखकीय विचारलाई समेत प्रतिनिधित्व गर्दछन् । आख्यान विधाअन्तर्गतको कथा जीवन र जगत्सित सम्बन्धित इतिवृत्त हो भने पात्रलाई त्यस इतिवृत्त घटनाको प्रतिनिधि मानिन्छ । आख्यानीकरणसँग सोझो सम्बन्ध भई लेखकीय दृष्टिकोणलाई समेत पात्रले प्रतिनिधित्व गरेको हुन्छ । आधुनिक आख्यानमा पात्रका माध्यमबाट प्रतिमान निर्माण गरी कृतिको सारलाई पाठकसमक्ष प्रस्तुत गरिएको हुन्छ । घटना र तिनलाई परस्पर बाँध्ने कडीका रूपमा लिइने पात्र हाउभाउ, आचरण, आनीबानी, कार्यशैलीका माध्यम पक्रेर उपन्यासमा चरित्रका रूपमा प्रस्तुत हुन्छ । आफ्नो अस्तित्वप्रति सचेत शिक्षित, बौद्धिक, संवेदनशील, उदार पात्रलाई उपन्यासमा स्थान दिने गिरिका कारागार र निर्बन्ध उपन्यासमा प्रस्तुत भएका पात्र मानवीय नामबाट नभई सम्बन्धका आधारमा सम्बोधित भएका छन् । प्रस्तुत उपन्यासमा भने सो स्थिति नभई व्यक्तिको नामबाट सम्बोधित भई पात्रविधान भएको र मूल पात्रकै नामबाट उपन्यासको नामकरण पनि भएकाले पात्रविधानका दृष्टिले यो उपन्यास अध्ययनीय देखिन्छ । पात्रको चारित्रिक विकास र गति उपन्यासकारको कोरा कल्पनामात्र नभई उपन्यासको समग्र संरचनासँग गाँसिएको कुरा भएकाले पात्रविधानको महत्व कृतिमा रहेको हुन्छ । पात्रविधान औपन्यासिक कलासम्बद्ध विषय मात्र नभई यसको सम्बद्धता कृतिमार्फत प्रस्तुत हुने लेखकीय दृष्टिकोण र विचारसँग पनि हुने भएकाले कृतिमा पात्रको उपस्थितिलाई योजनाबद्ध ढङ्गले प्रस्तुत गरिएको हुन्छ । पात्रका माध्यमबाट आख्यानीकरण र औपन्यासिक सन्देशलाई साथसाथै प्रस्तुत गरिएको यस उपन्यासमा पात्रविधानको अवस्थालाई चर्चा गर्नु प्रस्तुत लेखमा मूल शोधसमस्या मानिएको छ । वानीरा गिरिका उपन्यासमा पात्रविधान विषयक अध्ययन गर्न चाहने हरेक प्रकारका पाठक तथा अनुसन्धाताका लागि उपयोगी पूरक सामग्री रहने यस लेखको प्राज्ञिक औचित्य रहेकै छ ।

## २. समस्याकथन

प्रस्तुत लेख वानीरा गिरिको शब्दातीत शान्तनु उपन्यासमा पात्रविधान भन्ने मूल शोध्य समस्यामा केन्द्रित रहेको छ । अस्तित्ववादी जीवनचेतनाभित्र मान्छेका विसङ्गत पक्षको उद्घाटन गर्ने वानीरा गिरिका उपन्यास विधासिध्दान्त अन्तर्गत उपन्यासको सैध्दान्तिक अवधारणाका आधारमा अध्ययनीय सामग्री हुन् । शब्दातीत शान्तनु उपन्यासलाई आधार सामग्रीका रूपमा लिई तयार गरिने यस लेखमा उपन्याससिध्दान्त अन्तर्गत पात्रविधानलाई आधार मानिएको छ । शब्दातीत शान्तनु उपन्यासमा पात्रविधान मूल समस्याको समाानार्थ निम्नलिखित शोध्यप्रश्नलाई आधार बनाइएको छ : क) शब्दातीत शान्तनु उपन्यासमा पात्रको उपस्थिति केकस्तो छ ? ख) उपन्यासमा मुख्य पात्रको भूमिका कसरी प्रस्तुत भएको छ ? ग) उपन्यासमा सहायक पात्र प्रस्तुतिको प्रयोजन के हो ? उयर्पुक्त प्रमुख समस्याको निराकरण माथि उल्लिखित शोध्यप्रश्नका आधारमा गर्नु नै यस लेखको उद्देश्य र सीमा दुबै हो ।

## ३. अध्ययनविधि

गुणात्मक अनुसन्धान रहने प्रस्तुत लेख तयार पार्नका लागि पुस्तकालयीय स्रोतबाट सामग्री लिइएको छ । प्राथमिक अध्ययनसामग्रीका रूपमा वानीरा गिरिको शब्दातीत शान्तनु उपन्यास र प्राथमिक सामग्रीमा रहेका प्रतिनिधिमूलक साक्ष्य विश्लेषणका लागि पात्रविधानसँग सम्बद्ध द्वितीयक सैद्धान्तिक सामग्रीको आवश्यकतानुसार उपयोग गरिएको छ । पुस्तकालयीय स्रोतबाट प्राप्त सामग्रीलाई वणर्नात्मक साथै पाठ विश्लेषणात्मक पद्धतिबाट अध्ययन गरी व्यवस्थापन गरिएको छ । । शब्दातीत शान्तनु उपन्यासको संरचना निर्माणका क्रममा आएका पात्रहरूको भूमिका फरकफरक रहेको र अध्ययनपत्रको आयामका कारण सूच्य र गौण भूमिका मात्र निर्वाह गरेका पात्रको पात्रीय विश्लेषण असम्भव भएकाले यस अध्ययनमा उपन्यासको वस्तु र सारलाई निष्कर्षमा पुर्याउन खास भूमिका खेल्ने प्रमुख र सहायक पात्रको विधान एवम् तिनीहरूको चारित्रिक विशेषतालाई आख्यानको विधासिद्धान्तअन्तर्गतको पात्रविधानलाई मात्र सैद्धान्तिक अवधारणाका रूपमा लिइएको छ ।

## ४. सैद्धान्तिक अवधारणा र विश्लेषण ढाँचा

उपन्यासको संरचनाका निम्ति कथानक, पात्र, विचार, पर्यावरण, भाषाशैलीजस्ता तत्वहरूको उपस्थिति आवश्यक हुन्छ । संरचनाका यी अवयवहरूको सन्तुलित संयोजनबाट एउटा पूर्ण कृतिको रचना हुन्छ । कृतिको रचनाका लागि विषयवस्तुको चयन गरिसकेपछि त्यस वस्तुको भोक्ताका रूपमा पात्रहरूको चयन गरिन्छ । स्रष्टाले योजना गरेका विषयभित्र सम्पूर्ण अवस्थालाई बेहोरिदिने प्रतिनिधिहरू नै पात्र हुन् (सुवेदी, २०६४, पृ. ७२) । उपन्यासकारले योजना गरेको विषयको भोक्ता र विषयभित्र समावेश भएर आउने अवस्थाहरूलाई पात्रले वहन गर्दछन् । पात्रहरू कथावस्तुलाई बोकेर हिँड्ने तत्त्व साथै कथावस्तुको मूर्ततालाई कार्यहरूद्वारा देखाइने एकाइ हुन् (ज्ञवाली, २०६६, पृ. ३७) । उपन्यासमा कथा भनिने र त्यसलाई कार्यकारण सिलसिलामा जोडेर मूर्त रूप दिने उपन्यासको घटकका रूपमा पात्रलाई लिन सकिने कुरा यस मान्यताले प्रस्तुत गरेको छ । आख्यानका सङ्घटकहरूमध्ये कुनचाहिँ सर्वाधिक वा प्राथमिक महत्वको हुन्छ अनि कुन दोस्रो, तेस्रो, चौथो स्थानमा आउँछ भन्ने विषयमा प्राचीन कालदेखि मतमतान्तर चल्दै आएको र पाश्चात्य काव्यशास्त्रका आदिआचार्य एरिस्टोटलले त्रासदी र महाकाव्यका सङ्घटकहरू केलाएर चिनाउने क्रममा कथानकलाई प्रमुख र चरित्रलाई दोस्रो क्रममा राखेको सन्दर्भलाई नेपाललले चर्चा गरेका छन्(नेपाल, २००५, पृ. ५१) । यस आधारमा हेर्दा आख्यानात्मकता भएका कृतिमा पात्रको उपस्थितिलाई महत्वका साथ प्राचीन समयदेखि नै हेरिएको छ । आख्यानमा जुन तत्त्वका माध्यमबाट घटनाहरू हुन्छन् र विकसित बन्छन् त्यस तत्त्वलाई पात्र मानिएको छ । पात्रका हाउभाउ, आचरण, कार्यशैली आदिको समष्टिलाई चरित्रले वहन गरेको हुन्छ । चरित्रको भूमिका, कार्यव्यापारको स्थितिलाई पाठकसमक्ष पुर्याउने लेखकीय रणनीतिको ढाँचालाई चरित्रचित्रणको पद्धति मानिन्छ ।

उपन्यासमा पात्रलाई उपस्थिति, अवस्था, गतिशीलता, रुचि आदिका आधारमा वर्गीकरण, विश्लेषण गरिएको पाइन्छ । उपन्यासमा पात्र, चरित्रहरू विचारलाई संवहन गर्ने माध्यम हुन् । यथार्थतः पात्रहरू केही होइनन्, तिनलाई उपन्यासकारले कुन उद्देश्यका लागि कसरी प्रस्तुत गर्दछ भन्ने कुरामा नै पात्रहरूको प्रभावकारिता निर्भर हुन्छ । त्यसैले चरित्रको छनोट, प्रस्तुति र निर्माणकार्य, कलाचेत र सौन्दर्यचेत दुवैसित सम्बद्ध प्रश्न हो (बराल, २०५६, पृ. ३३) । उपन्यासको विचार र प्रस्तुतीकरणको शैलीशिल्पसम्बद्ध पात्रविधान उपन्यासकारले उपन्यासमार्फत प्रवाह गर्न खोजेको उद्देश्यमा मूलतः केन्द्रित हुन्छ । मानव जीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । व्यक्तिका अन्तर र बाह्य दुवै संरचना चरित्रकै माध्यमबाट प्रकट हुने तत्त्व हुन् । व्यक्तिको चरित्र बाह्य रूपमा प्रकट हुँदा सामाजिक तत्त्वमा रूपान्तरित हुन्छ र व्यक्ति अन्तर्पक्षमा सङ्कुचित हुँदा उसको चरित्र मनोविज्ञानमा रूपान्तरित हुन्छ (सुवेदी, २०६४, पृ. २३) चरित्रविधानले

सामाजिक संरचना र त्यसको व्यापक परिधिभित्र अटाउने व्यक्तिको अन्तरबाह्य पक्षको उद्घाटन गर्ने भएकाले यसको उपस्थितिको कृतिमा अपरिहार्यता देखिन्छ । उपन्यासमा औपन्यासिक वस्तुको रचना र घटनाको कलात्मक अन्विति हने बताउँदै थापाले घटना र वस्तुरचनाको आधार नै उपन्यासका पात्र हुन् भनेका छन् (थापा, २०५०, पृ. १३३) । उपन्यासमा पात्रको उपस्थिति र विधानलाई प्रष्ट पार्ने क्रममा उपन्यासकारले जुटाएका कच्चा सामग्री, घटना, पात्रपात्रालाई सुम्पनुपर्ने कुरामा जोड दिएका छन् । उनले पात्रपात्रा जति स्पष्ट, गतिशील हुन्छन् त्यति नै उपन्यास प्रभावोत्पादक हुन्छ भनी उपन्यासमा पाविधानको औचित्यलाई पुष्टि गर्न खोजेका छन् (न्यौपाने, २०४९, पृ. २०७) । उपाध्याय उदृत अरिस्टोटलका अनुसार कथानकको सङ्गठनझैँ चरित्रनिरूपणमा पनि कविले सधैँ अवश्यम्भावी वा सम्भाव्यलाई नै आफ्नो लक्ष्य बनाउनुपर्छ । जसरी आवश्यक र सम्भाव्य पूर्वापरताक्रमले एकपछि अर्को घटना आउँछ त्यसरी नै आवश्यकता र सम्भाव्यता नियमको अधीन कुनै विशिष्ट चरित्रको व्यक्तिले आफ्नो विशिष्ट ढङ्गले बोल्नु वा काम गर्नुपर्छ (२०५९, पृ. १४०) । चरित्रहरूलाई आफ्नो स्वतन्त्र व्यक्तित्व भएका प्राणीका रूपमा हेनुपर्ने र उनीहरूलाई यान्त्रिक बनाउनुनहुने र कथानकको सङ्गठनझैँ पूर्वापरक्रममा पात्रलाई पनि महत्वका साथ कृतिमा विधान गर्नुपर्ने सन्दर्भलाई यसले प्रस्तुत गरेको छ । आख्यान कथानकधर्मी वा स्थूल वा सूक्ष्म कथानकको प्रभुत्व भएको कथन हो र यसमा हाम्रा अनुभूतिलाई कथानकका क्रोडमा सँगाल्ने प्रयास हुन्छ भन्दै त्रिपाठीले साहित्यिक अभिव्यक्ति वा कथनका क्रममा लेखक नै मूल कथयिता हुने र उसले कृतिमा कथानकधर्मिताका साथ जीवनजगत्का अनुभवको प्रस्तुतीकरण गर्दा आख्यानीकरणका मूल तत्त्वमा परिवेश, पात्रविधानक, घटनाव्यापार समेटिने उल्लेख गरेका छन् (त्रिपाठी, २०६६, पृ. २१८) । आख्यानीकरणको निम्ति कुनै परिवेश अपेक्षित हुन्छ जहाँ पात्रहरू प्रकट हुन्छन् र तिनको कार्यव्यापारमार्फत कथानक अगाडि बढ्ने कुरालाई यसले सङ्केत गरेको छ ।

कलाचेत र सौन्दर्यचेतलाई एकाकार गरी समग्र जीवनपद्धति र मूल्यमान्यतालाई उपन्यासमार्फत् प्रस्तुति दिन लेखकद्धारा खडा गरिएका मानवीय र मानवेतर सहभागी, पात्रलाई कृतिमा कसरी उपस्थापन गराउने भन्ने सम्बन्धमा विविध सैद्धान्तिक आधारहरू स्थापित भएका देखिन्छन् । कृतिमा पात्रको विधान सम्बन्धमा आरम्भिक अध्ययन अरस्तुबाट भएको कुरालाई सौन्दर्यशास्त्रीहरूले उल्लेख गरेका छन् । उनले चरित्रमा भद्रता, सच्चरित्रता, औचित्य, जीवनअनुरूपता, एकरूपता, संभाव्यता, अनुकृतिमूलक वैशिष्ट्य हुनुपर्छ भनेको पाइन्छ (ज्ञवाली, २०६६, पृ. ३८-३९) । कृतिमा प्रस्तुत गराइएको पात्रमा रहनुपर्ने आवश्यक गुणका सम्बन्धमा यस मान्यताले प्रष्ट पार्न खोजेको देखिन्छ । आख्यानात्मक कार्यव्यापारलाई उत्तरोत्तर विकसित बनाउने क्रममा आउने चरित्रले उल्लिखित गुणअनुसारको कार्य गरी लेखकीय अनुभूतिलाई विश्वसनीय साथै मूर्त बनाउँछन् । उपन्यासविधामै केन्द्रित भएर पात्रको विधान सम्बन्धमा व्यवस्थित अध्ययनको सुरुवात १८औँ शताब्दीबाट भएको मानिन्छ । १८औँ शताब्दीको अन्त्यतिर जन मूरले पात्रलाई सामान्य र नाटकीय भनेर उल्लेख गरेका छन्(बराल, पूर्ववत्) । उपन्यासमा पात्रको उपस्थिति सम्बन्धमा डेभिड लजले प्रमुख, गौण, गोला, च्याप्टा, अन्तमुखी, बहिर्मुखी भनेर पात्रलाई वर्गीकरण गरेको देखिन्छ । उपन्यासमा चरित्रको वर्गीकरण, विश्लेषण गरी सैद्धान्तिक आधार प्रस्तुत गर्ने क्रममा ई.एम.फोस्टर, रबर्ट स्कोल्स, मेक्सिम गोर्कीजस्ता पाश्चात्य लेखकको पनि योगदान देखिन्छ । उपन्यासमा पात्रविधानसम्बन्धमा पाश्चात्य साहित्यसिद्धान्तमा विकसित भएका अवधारणाका अतिरिक्त नेपाली साहित्य चिन्तकहरूले पनि आफ्ना अभिमत प्रकट गरेका छन् । आख्यानमा प्रयुक्त पात्रलई लमाइ छोटाइबाट, गोलाकार बिटबाट, गति, अगति आदिका कोणबाट हेर्न सकिने बताउँदै वर्तमानमा पात्रलाई कृतिमा गोला र च्याप्टा, सापेक्ष, निरपेक्ष, गतिशील र गतिहीन, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक, प्रकार र आद्यप्रकारमा बाँड्न सकिने नेपालले उल्लेख गरेका छन् (नेपाल, सन् २००५, पृ. ५६) । उपन्यासमा पात्र वणर्नात्मक, विश्लेषणात्मक, नाटकीय विधिबाट उपस्थापन गर्न सकिने आधार हो (न्यौपाने, २०४९, पृ. २१२-२१३) ।

उपन्यासमा प्रयुक्त पात्र र तिनीहरूको चित्रणको आधार र विधि एकै ढाँचाको नभएर विविध प्रकारको हुने गर्दछ । कृतिमा पात्रले आफ्नै विचार, अन्य पात्रद्वारा दृष्टिकोणको अभिव्यक्ति, पात्रको कार्यव्यापार र भूमिका, पात्रले आपसमा गरेका कुराकानी, लेखकीय टिप्पणीका माध्यमबाट चरित्रको चित्रण गरिन्छ । पात्रको चरित्रले उसको जीवनशैली र प्रकार्यलाई प्रकटीकरण गर्ने भएकाले उसमा कृतिमा प्रस्तुत जीवनको भार बोक्ने, समाजको कुनै अवस्था र पक्षविशेषलाई प्रतिनिधित्व गर्ने क्षमता हुनु पर्दछ । कृतिमा स्रष्टाले पात्रमार्फत निश्चित नैतिकता र अभिवृत्ति प्रकट गराउँने हुँदा त्यहाँ पात्रको उपस्थिति र कार्यव्यापारको ढाँचा पनि विशिष्ट प्रकारको हुने गर्दछ । पात्रको कृतिमा विधान र उपस्थितिका सम्बन्धमा उपाध्यायले स्वभाविकता र सहज निर्वाहको बारेमा चर्चा गरेका छन् । उनले उपन्यासमा प्रयुक्त चरित्रको चित्रणका प्रत्यक्ष र अप्रत्यक्ष विधिको उल्लेख गर्दै उपन्यासकारले आवश्यकतानुसार यी दुवै विधिको अवलम्बन गर्नुपर्ने विषयमा जोड दिएका छन् (उपाध्याय, २०५९, पृ. १४०) । उपन्यासमा कार्य गर्ने र घटनाहरूको सञ्चालन गर्ने तरिकाका आधारमा प्रधान र गौण चरित्रको विधानका बारेमा समेत उपाध्यायले उल्लेख गरेको पाइन्छ । पात्रको संवाद, गतिमार्फत् कथावस्तुको विस्तार हुनुका अतिरिक्त विचार र उद्देश्यको पनि विस्तार भइरहेको हुन्छ । उपन्यासले प्रकट गर्न खोजेको कुरा पात्रका माध्यमबाट संप्रेषित हुने भएकाले पात्रहरू सबै विचारधाराका उपन्यासकारका लागि आवश्यक हुन्छन् । शर्माले आख्यानमा सहभागीहरूलाई पात्र भनिने र तिनीहरूको विशेषता, चरित्रलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धताजस्ता आधामा विश्लेषण गर्न एवं पहिचान गर्न सकिने कुरालाई उल्लेख गरेका छन् (शर्मा, २०६८, पृ. ३६४-३६६) । उपन्यासमा चरित्रहरूको विधान, कार्यभूमिका, विशेषता र कृतिसम्बद्धतालाई विभिन्न मान्यताका आधारमा हेर्ने, बुझ्ने, विश्लेषण गर्ने पद्दतिका सम्बन्धमा विभिन्न साहित्यशास्त्रीहरूले अभिमत प्रस्तुत गरे पनि शर्माले प्रस्तुत गरेको अभिमत आधुनिक एवं तुलनात्मक रूपमा वस्तुगत भएकाले वानिरा गिरिको शब्दातीत शान्तनु उपन्यासमा पात्रविधान मूल शोध्यसमस्या रहेको यस लेखमा पात्रविधानको अवस्थालाई प्रस्तुत गर्न सोही दृष्टिकोणलाई प्रमुख आधार र अन्य दृष्टिकोणलाई पनि सहयोगी सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ । उपर्युक्त सैद्धान्तिक अवधारणाका आधारमा यस लेखका लागि निम्नानुसारको विश्लेषण ढाँचा अवलम्बन भएको छ ।

| क्र. सं | शोधसमस्या | विश्लेषणको ढाँचा |
|---|---|---|
| १. | शब्दातीत शान्तनु उपन्यासमा पात्रविधान | उपन्यासमा पात्रप्रयोग<br>मुख्यपात्र सहायक पात्र |

## ५. विश्लेषणविधि : प्राप्ति र छलफल

नेपाली साहित्यमा उपन्यास र कथा जस्ता आख्यान विधाका साथै कविता,निबन्ध,नियात्रा साथै आत्मकथाकी रचयिता वानीरा गिरिको शब्दातीत शान्तनु उपन्यास अस्तित्ववादी विषयलाई प्रस्तुत गर्ने उपन्यास हो ।नेपाली समाजमा रहेको वर्गीय चरित्र र त्यसमा जिजीविषा गर्ने सामन्तवादी चरित्रको जीवनशैली र विचारधारात्मक अवस्थालाई चित्रण गर्ने शब्दातीत शान्तनु तराई क्षेत्रमा विद्यमान जमिन्दार प्रथा र त्यसमा

बाँचेको पात्रको कथ्य विषयमा आधारित छ ।समाजमा रहेका सबै प्रकारका वर्गीय चरित्रको उपस्थापन भएको यस उपन्यासको पात्रविधानलाई अलग्गै उपशीर्षकमा विवेचना गर्नु उपयुक्त ठहर्दछ ।

## ५.१ उपन्यासमा पात्र प्रयोगको अवस्था

वानीरा गिरि नेपाली समाजमा रह्का उच्च र निम्नवर्गका चत्रिलाई लिई कथ्यविषयको नाटकीकरण गर्ने उपन्यासकार हुन् । उनको प्रस्तुत उपन्यासमा प्रयुक्त अधिकांश पात्रहरू शिक्षित, बौद्धिक, हुनाका साथै आफ्नो अस्तित्वप्रति सचेत देखिन्छन् । यिनले स्वेच्छाचारी, दुराचारी साथै दयालु, विवेकी, तथा अरुका समस्यामा संवेदनशील हुने उदार चरित्रको विधान गरेकी छन् (लुइटेल, २०६८, पृ. १४८) । पुरुषका तुलनामा नारी चरित्रलाई सङ्ख्यात्मक हिसाबले आफ्ना कृतिमा स्थान दिने गिरिका कारागार र निर्बन्ध उपन्यासको पात्रविधानमा अधिकांश पात्र मानवीय नामबाट भन्दा पनि सम्बन्धका आधारमा प्रस्तुत भएका छन् । प्रस्तुत शब्दातीत शान्तनु उपन्यासमा भने गिरिले आफ्ना अघिल्ला दुई उपन्यासमा प्रयोग गरेको पात्रविधानसम्बन्धी प्रवृत्तिलाई परिमार्जन गरेकी छन् । मूलतः नेपालको तराइको परिवेश, जीवनशैली र सांस्कृतिक, सामाजिक मूल्यलाई प्रस्तुत गरिएको यस उपन्यासको पात्रविधानमा प्रभावोत्पादक यथार्थको अभिव्यञ्जना पाइन्छ । आदर्शवादी दृष्टिकोण प्रक्षेपण गर्न खोजिएको यस उपन्यासमा शान्तनबाबू प्रमुख भूमिकामा प्रस्तुत भएका छन् । उपन्यासमा मालिक्नीको भूमिकामा रहेकी मालिक्नीसाहेबको भूमिका उपन्यासको प्रमुख पात्र शान्तनुबाबूकी आमाका रूपमा भएको छ भने आमाछोराबीचका पारिवारिक सम्बन्धमा आदर्श छोराको भूमिकामा रहेको शान्तनुबाबूसँग अनुकुल र पारिवारिक आदर्शसम्बन्ध रहेको छ । उपन्यासको सहायक पात्रको भूमिकामा रहेकी शकुन्तलादेवी शान्तनुबाबूकी पत्नी तथा मालिक्नीसाहेबकी बुहारीको भूमिकामा रहेकी छ । पतिपत्नी सम्बन्धलाई आदर्शीकृत गर्ने मार्गका रूपमा धार्मिक आचरण गरेकी शकुन्तलादेवी थनेकी आमा र उसका तीन सन्तानलाई आश्रयका साथै जीवन बाँच्नका लागि सहायता दिने उदात्त पात्र पनि हो । उपर्युक्त मुख्य र सहायक पात्रका अतिरिक्त प्रत्यक्षतः यी पात्रसँग सम्बन्ध भएका अन्य पात्रको उपस्थिति पनि यस उपन्यासमा भएको छ ।

उल्लिखित मुख्य र सहायक चरित्रसँग सम्बन्ध भई उपन्यासमा क्रियाशील पात्रका रूपमा पण्डितबाजे, मास्टरजी, भान्सेबाहुनी, शान्तनुबाबूका भाइबुहारी, भतिजाभतिजी, शान्तनुका बाबू (अप्रत्यक्ष लेखकीय टिप्पणीमा आएका), देविका, दिनानाथ, लप्टनसाहेब, लप्टन्नी, लप्टनसाहेबका बुहारीहरू, प्रयागबाबू, कन्याहरू, तरुनी घर्तिनीहरू, पोखरेल पण्डित, पुरुषोत्तम पण्डित, चमेली, थने, मने, धने, थनेकी आमा, सानी, ज्ञानप्रसाद, बाबू, सानोबाबू, दिलजान, गोमा, कमली, साधु, विधुर पुरुष, (बतैया भाउज्यू, बहुरी, सोमबारे साइँलो, जिम्दार्नी, घर्तिनी, माडसाब, माडसाबनी, माड्साबका छोरीहरू (सङ्गीता, सरिता, ललिता, गणिता), बौवा, जनकपुरका माननीय, खसीधनी, चरुवाजस्ता चरित्रको भूमिका रहेको छ । पण्डित बाजे र उपन्यासका मुख्य र सहायक पात्रका बीचको सम्बन्ध पारिवारिक पुरोहित र जजमानको रहेको छ । शान्तनुबाबूलाई केटी खोजेर विवाह गराउने अभिभारा लिएका पण्डितबाजे को भूमिका र मुख्यपात्रसँग तिनको सम्बन्ध उपन्यासमा यसप्रकार प्रस्तुत भएको छ - यात्रमा अब पक्कै फल्ने भो जस्तो लाग्यो पण्डितबाजेलाई । मैयाँको नाम के नि ?" "शकुन्तलादेवी ।" (गिरि, शब्दातीत शान्तनु, २०६०, पृ. ८)

यसप्रकार उपन्यासमा मुख्यपात्रको सहयोगी भूमिकामा रहेका पण्डितबाजे सहयोगी चरित्रका रूपमा स्थान पाएका छन् । यसैगरी मास्टरजी शान्तनुबाबूका घरमा सम्पन्न गरिने सांस्कृतिक कार्य लगायत अन्य काममा सहभागी चरित्रका रूपमा उपस्थित छन् । भान्सेबाहुनीले शान्तनुबाबूको घरको भातभान्साको अभिभारा लिएकी छन् ।यस क्रममा उनको सम्बन्ध शान्तनु साथै उपन्यासमा प्रस्तुत भएका सहायक चरित्र मालिक्नीसाहेब र शकुन्तलादेवीसँग पनि देखिएको छ ।भान्सेबाहुनीको चरित्रमा प्रस्तुत भएकी उनको भूमिकालाई उपन्यासमा यसप्रकार प्रस्तुत गरिएको छ- एकपल्ट भान्सामा पसेर सोतेको एउटा मुख हत्केलाले छोपी ठूलो प्वालमा बेस्करी फुकेको देख्दा 'लौ भान्सा छुनुभो प्रयागबाबूले'भनेर घरभरि रैफाँडो मच्चाएकी थिइन् भान्सेबाहुनीले ।(ऐ,२०६०, पृ ३३) शान्तनुबाबूका भाइबुहारी र भतिजाभतिजी उपन्यासमा प्रसङ्वश मात्र प्रस्तुत भएका छन् भने शान्तनुबाबूका बाबूलाई उपन्यासकारले प्रमुख भूमिकामा प्रस्तुत शान्तनुबाबूको चरित्रलाई प्रभावकारी बनाउन लेखकीय टिप्पणीमार्फत उपस्थित भएक छन् । देविकालाई सानै उमेरमा विवाह भएकी र पतिसुखबाट बिमुख चरित्रका रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ । मालिक्नीसाहेबकी माइतीतर्फकी साथीको भूमिकामा रहेकी देविकाको शारीरिक सुख प्राप्तिका लागि गरेको सङ्घर्ष र सहायक पात्र मालिक्नीसाहेबले उसका देवरजेठाजुसँग पारिवारिक हकअंशका लागि गरेको सङ्घर्षबीचको तुलनाका क्रममा देविकाको भूमिका उपन्यासको कथ्यसँग जोडिएको छ । यसको सन्दर्भ उपन्याससको निम्नसन्दर्भले पुष्टि गरेको छः उस बेला देविकाले स्वाभाविक शारीरिक सुखको चाहनानिम्ति भीरबाट लड्नुपर्‍याथ्यो । उनले पनि त पारिवारिक अंश् हक र अधिकारनिम्ति देबरजेठाजूसँग लड्नुपर्‍या हैन र ? (ऐजन,२४) । पतिसुखबाट बिमुख भएकी उसले आत्महत्या गरेकी छ । उपन्यासमा सहायक चरित्रका रूपमा रहेकी मलिक्नीसाहेबसँग उसको निकट सम्बन्ध देखिएकको छ । दयालु र उदार स्वभावकी देवकी र उस्तै स्वभावका शान्तनुबिच पनि स्वभावगत तादात्म्य सम्बन्ध देखाउन यस पात्रको भूमिका उपन्यासमा प्रमुख पात्रसँग जोडिने आधार बनेको छ ।

यसका अतिरिक्त उपन्यासमा प्रस्तुत भएकी थनेकी आमा उपन्यासमा जोडिएकी सहयोगी नारीपात्र हो । शान्तनुबाबूको घरमा आफ्ना तीन छोरासहित आश्रय माग्न आएकी र आश्रय पाएकी थनेकी आमा शान्तनुबाबूको घरमा घरायसी काम गर्ने नोकरको भूमिकामा रहँदै आफ्ना तीन छोराको सुश्रुषा गर्ने भूमिकामा रहेकी छ । थनेकी आमाको भूमिकालाई उपन्यासले यसप्रकार प्रस्तुत गरेको छ - एक साँझ शान्तनुबाबू ओसरामा बसिरहेका बेला आफ्ना तीन चिचिलालाई च्यापेर आएकी थिई । र डाको छोडीछोडी 'शरणमा मरण पाऊँ भनी' गुहारेकी थिई । हुनसक्छ त्रिजुगाबाटै पूरा गुह्य पाइसकेकी थिई उसले-यहाँ शरण पाइन्छ ।शरण पाई पनि ।(ऐ.पृ.४२-४३) । वर्गीय दृष्टिले असमान आर्थिक व्यवस्था रहेको नेपाली समाजमा सम्पन्न वर्गको अधीन रही जिजीविषा गर्नुपर्ने स्थितमा रहेका नेपाली र त्यसमा पनि एकल नारीकी प्रतिनिधि थनेकी आमा सङ्घर्ष गरेर जीवन बाँच्ने र सन्तान हुर्काउने उदात्त चरित्रकी सहयोगी नारी पात्र हो । सम्पन्न शान्तनुबाबूको घरमा बसेर धनी वर्गको सेवामा आफूलाई प्रस्तुत गर्नसक्ने यो नारी पात्र पारिवारिक वातावरण निर्माण गर्न सक्ने सामर्थ्यको भूमिकामा छ । उपन्यासको सहयोगी पात्र भान्सेबाहुनीकी छोरी सानी र प्रासङ्गिक पात्र थनेका बिचको सम्बन्धलाई प्रासङ्गिक पात्र थनेका बिचको सम्बन्धलाई प्रस्तुत गर्ने यस उपन्यासले बाल्यावस्थाको प्रसङ्गलाई प्रस्तुत गरेको छ । सुन्दर बान्की भएकी सानी र थनेबीचको चारित्रिक सम्बन्धलाई यसप्रकार प्रस्तुत गरेको छ- राम्री छ सानी । निक्कै राम्री । गोरी,सलक्क परेको नाक,ठूला आँखा । थनेसँग इसाराले कुरा गर्दा भरतनाट्यम्का नर्तकीझैँ उसका भावपूर्ण आँखा नाच्छन् । कनियाँ(पुतली) खेलिरहेकी सानीलाई मैयाँहरूको कोठाबाट कसैले नदेख्ने गरी रङ्गीन टालाटुली बटुलेर ल्याइदिन्छ थने (ऐ. पृ. ४८) । एउटै पारिवारिक वातावरणमा हुर्किएका सानी र थनेबीच बालसुलभ आकर्षण तथा जीवनचर्यालाई भान्सेबाहुनीको शान्तनुबाबूको घर बस्तीपुरसँगको सम्बन्ध तथा धनेकी आमासँग पारिवारिक सम्बन्ध भएका आधारमा कथ्यमा प्रासङ्गिक रूपमा जोडिएको छ ।

उपन्यासमा उपन्यासको मञ्चभित्रको रङ्गमञ्चमा प्रदर्शन हुने कृष्णलीलाकी नायिका राधाको भूमिकामा देखिने गोमा रङ्गमञ्चबाट मूल कथ्यमा जोडिने प्रासङ्गिक पात्र हो । उसको सम्बन्ध उपन्यासमा दिलजान,पटवारी,मालिक र शान्तनुबाबूका घरका नोकरचाकरसमेतका आँखा पर्ने गोमाको भूमिकालाई उपन्यासले यसप्रकार प्रस्तुत गरेको छ- उसको रजाँइ देखेर नोकर्नीहरू भुतुक्क हुन्छन् र भएभरका कुरा काट्छन् । यौवन र सौन्दर्यको पखेटा चालेर माथिमाथि उडेकी छ गोमा । दिलजान भने पूरा दिल र ज्यानै दिएर उसको पछि लागेको छ । बस्तीपुर आवतजावत गर्दा दिलजान जयनगरबाट उसलाई अत्तर, साबुन, सुरमा, लाली, पाउडर, चिम्टीकाँटा, लाछा, लुकाईलुकाई ल्याउँछ । जनकपुरबाट ल्याइदिएको

विशेष मिठाई घेवर पनि निक्कै खाइसकी उसले तर मनपेटचाहिँ दिएकी छैन । ठूलाबडासँग शरीर र मनको नाता गाँसेर ठूलाबडा भएकी भ्रम पालेर बसेकी छ गोमा । के थाहा उसलाई ? ठालुहरू उसको सुन्दर शरीरलाई मात्र माया गर्छन् । सुम्सुम्याउँछन् । खेल्छन् । र मन बहलाउँछन् । मनको दोहारी गाउँदैनन् उनीहरू । बिचरी गोमा । मैयाँहरू र दुल्हैसाहेबहरूसँगसँगै कौचमा बसेको सपना देख्छे । सपना बुन्छे (ऐ.पृ ५२-५३) ।

राधाको अभिनय गर्दागर्दै बस्तीपुरमा रहेका कृष्ण र तिनको समृद्धिसँग आफूलाई जोड्ने गोमा रङ्गमञ्चका माध्यमबाट उपन्यासमा उपस्थित भएकी तर कार्यभूमिकाका दृष्टिले प्रासङ्गिक पात्र मात्र हो । यसका साथै यस उपन्यासमा प्रासङ्गिक पात्रको रूपमा नाम प्रयोग भएका तर कथ्यविषयसँग कुनै तादात्म्य सबन्ध नभएका पात्रको पनि नाम उल्लेख भएको छ । उपन्यासमा प्रासङ्गिक रूपमा आएका तर कार्यभूमिका कथ्यसँग नजोडिने पात्रहरू दिनानाथ, लप्टनसाहेब, लप्टन्नी, लप्टनसाहेबका बुहारीहरू, प्रयागबाबू, कन्याहरू, तरुनी घर्तिनीहरू, पोखरेल पण्डित, पुरुषोत्तम पण्डित, चमेली, थने, मने, धने, ज्ञानप्रसाद, बाबू, सानोबाबू, दिलजान, कमली, साधु, विधुर पुरुष, (बतैया भाउज्यू, बहुरी, सोमबारे साइँलो, जिम्दार्नी, घर्तिनी, माडसाब, माड्साबनी, माड्साबका छोरीहरू (सङ्गीता, सरिता, ललिता, गणिता), बौवा, जनकपुरका माननीय, खसीधनी, चरुवाजस्ता दिनानाथ, लप्टनसाहेब, लप्टन्नी, लप्टनसाहेबकका बुहारीहरू, प्रयागबाबू कन्याहरू, तरुनी, घर्तिनीहरू, पोखरेल पण्डित, पुरुषोत्तम पण्डित, थने, मने, धने, ज्ञानप्रसाद बाबू, सानोबाबू आदि रहेका छन् । उपन्यासमा चित्रण भएका उपर्युक्त पात्र तथा तिनको सम्बन्धका आधारमा प्रमुख पात्रको भूमिकामा शान्तनुबाबूको चरित्र स्थापित रहेको देखिन्छ भने उनका सहायक पात्रका रूपमा मालिक्नीसाहेब र शकुन्तलादेवीको भूमिका अग्रणी देखिन आउँछ । उपर्युक्त पात्रको विवेचना प्रमुख र सहायक चरित्रका रूपमा अलग्गै उपशीर्षकमा गर्नु उपयुक्त ठहर्दछ ।

## ५.२ उपन्यासको प्रमुख पात्र

परिवारको विरासतलाई सदैव कायम राख्न प्रयत्नशील शान्तनुबाबू यस उपन्यासको मूल चरित्रका रूपमा रहेको देखिन्छ । शर्माले प्रस्तुत गरेको पात्रविधानको मान्यताअनुसार शान्तनुबाबू लिङ्गका आधारमा पुरुष, कार्यभूमिकाका आधारमा प्रमुख प्रवृत्तिका आधारमा अनुकूल स्वभावका आधारमा गतिहीन, जीवनचेतनाका आधारमा वर्गगत, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका दृष्टिले बद्ध पात्रका रूपमा उपन्यासमा उपस्थित गराइएको छ । उपन्यासको आरम्भदेखि अन्त्यसम्म कथावस्तुको केन्द्रीयतामा रहेका शान्तनुबाबूलाई उपन्यासको कार्यव्यापार सम्पादन गर्ने क्रममा प्रमुख भूमिकामा उपस्थापन गरिएको छ । कृतिमा सबै पात्रले समान महत्वका कार्यसम्पादन गर्दैनन् र विचारको वाहक भएर प्रस्तुत हुन सक्दैनन् । कार्यसम्पादन र विचारको वहन गर्ने हिसाबले उनीहरूको उपस्थिति घटीबढी हुने गर्दछ । कृतिमा पटकपटक पुनरावृत्त हुने पात्र यस कोटीमा समेटिन्छ । उपन्यासमा कथानकको रूपाकृति निर्माण गरी पाठकका मनमा गहिरो संवेदना उत्पन्न गराउन यस्ता चरित्रले उल्लेख्य भूमिका निर्वाह गरेका हुन्छन् । शान्तनुबाबूको चरित्रको विशेषताबाट नै उपन्यासको थालनी भएको छ ।

शान्तनुबाबू आफ्ना नामका अनुरूप छन् । थाहा छैन यो उनको न्वारानको नाम हो अथवा पछि राखिएको । जे होस् गजबको न्यानोपन र गजबको शीतलताको सम्मिश्रण भएको उनको व्यक्तित्व, यस नामको सही उत्तराधिकारीझैँ लाग्छ (ऐजन, पृ. १) । शान्तनुबाबूको व्यक्तित्वको उद्घाटनसँगै उनको व्याप्ति कृतिमा छ भन्ने सन्दर्भलाई उपन्यासको यस साक्ष्यले प्रस्तुत गरेको छ । उपन्यासको थालनीमा आएजस्तै समापनमा पनि उनको नियतिलाई संबोधन गर्ने प्रकरण समेटिएको छ । आजभोलि शान्तनु नाम गरेको जिन्दगी यस्तैयस्तै सृष्टिसंहारको चक्रवातबाट गुज्रिरहेका छन् । सृष्टिसन्दर्भमा सन्दर्भित छन् यिनी । सृष्टि संमोहनमा डुबुल्किरहेछन् यिनी । यसो त स्वयंको जीवनसरह वस्तीपुर सृष्टि पनि हो यिनको निम्ति (ऐ., पृ. १३०) ।

उपन्यासमा प्रयुक्त माथिका प्रकरणले उपन्यासमा बढी मूल्यको कार्यसम्पादन गर्ने पात्रको जिम्मेवारीमा शान्तनुको भूमिका छ । कथानकमा आउने आरोहअवरोह र त्यसले सिर्जना गर्ने अवस्थासँगको सम्बन्धलाई यी दुई प्रकरणले प्रतिनिधित्व गरेका छन् । आरम्भमा न्यानोपन र समाप्तिमा सृष्टिसंहारको चक्रवात यी दुई विपरीत धुरवका कथानकीय मोडका एक्लो साक्षी शान्तनुबाबूलाई बनाइएको छ । कृतिमा सबैभन्दा बढी कार्यसम्पादनमा पुनरावृत्त हुने शान्तनुले कृतिमार्फत प्रस्तुत हुने विचारलाई पनि प्रतिनिधित्व गरेको छ । उपन्यासमा प्रस्तुत हुने पात्र प्रवृत्तिगत आधारमा दुई विपरीत धारलाई वहन गर्ने हुन्छन् । एकथरी पात्रले अनुकूल वर्गको प्रतिनिधित्व गर्दछन् भने अर्काथरी पात्रले प्रतिकूल चरित्र निर्वाह गर्दछन् । अनुकूल वर्गको पात्रमा खलत्व हुँदैन र प्रतिकूल वर्गको पात्रमा खलत्व हुन्छ (शर्मा, २०६८, पृ. ३६५) । शान्तनुबाबूलाई उपन्यासमा सकारात्मक तवरले विधान गरिएको छ । अनुकूलता र प्रतिकूलताका आधारमा पात्रको सज्जनता र दुर्जनताको मापन हुने गर्दछ । यस मान्यताका आधारमा हेर्दा उपन्यासकारले शान्तनुलाई सकारात्मक भाव भएका शब्दले सम्बोधन गरेकी छन् । उपन्यासमा शान्तनु अनुकूल चरित्रका रूपमा चित्रित भएको सन्दर्भलाई केही प्रतिनिधिमूलक साक्ष्यका आधारमा पनि हेर्न सकिन्छ । किनकिन वस्तीपुरकाहरू शान्तनुबाबूलाई ईश्वरले छोएको मानिसझैँ ठान्छन् । हुन त उनको अत्यन्त शालीन व्यवहार, नरम, शान्त र मधुर स्वभावले गर्दा यस्तो ठानेको पनि हुन सक्छ । उनको निणर्यलाई खुरुक्क मान्छन् पूरा आस्थाका साथ चाइँचुइँ नगरीकन (गिरि, २०६०, पृ.४०) ।

शालीन व्यवहार, नरम, शान्त र मधुर स्वभाव नै शान्तनुबाबूलाई सज्जनका रूपमा उपन्यासमा उभ्याउने गुण हुन् । वस्तीपुरका मानिसले शान्तनुबाबूको निणर्यलाई कुनै तर्क नगरी शिरोपर गर्ने अवस्थाको सिर्जना उनको विवादरहित व्यक्तित्वले निर्माण गरेको छ । कृतिका कुन पात्र खराब र कुन पात्र सज्जन हुन् भनेर छुट्याउने आधारका रूपमा रहेको प्रवृत्तिले कृतिको सकारात्मक भावलाई प्रवाह गर्ने गतिसँग चरित्रलाई आबद्ध गराउँछ । यस प्रवाहलाई उपन्यासमा प्रयुक्त निम्न साक्ष्यले प्रस्तुत गरेको छ । मानवीय मूल्यमा अत्यन्त संवेदनशील शान्तनुबाबूको भवसागररूपी संसारको जहाजमा केवल टाठाबाठा यात्री मात्र छैनन् ।

लाटा-ब्याङ्ग्रासमेतलाई गहिरो माया दिएर आफ्ना सहयात्री बनाएका छन् उनले । त्यस्तै एक परिवार छ, जहाँ एउटी स्वास्नीमानिस आधा-आधा तीन छोरा लिएर त्यो जहाजमा मिसिएको छ । आधा यस अर्थमा कि तीनै छोरा लाटा छन् । आधा दिमागका छन् । यी तीनका बाबू को हुन्? सम्भवतःत्यो आइमाईबाहेक अरूलाई थाहा छैन । त्यो आइमाई त्रिजुगातिरबाट बसाइँ गरेर यहाँ आएकी हो भन्नेसम्म केहीलाई थाहा छ । एक साँझ शान्तनुबाबू ओसरामा बसिरहेका बेला आफ्ना तीन चिचिलालाई च्यापेर आएकी थिई । र डाँको छोडीछोडी 'शरणमा मरण पाऊँ भनी गुहारेकी थिई । हुन सक्छ त्रिजुगाबाटै पूरा गुह्य पाइसकेकी थिई उसले-यहाँ शरण पाइन्छ । शरण पाई पनि (ऐ., पृ. .४२-४३) । तत्कालीन नेपाली समाजमा बाबूको ठेगान नभएका, फरक क्षमता भएका तीन सन्तानलाई साथै लिएर आउने आमालाई आफ्नो घरमा शरण दिनुले शान्तनुबाबूको उदारमना व्यक्तित्वलाई सङ्केत गर्दछ । बाबूबिनाका सन्तान लिएर हिँड्ने महिलालाई हेयको दृष्टिले हेर्ने सामाजिक मनोविज्ञानलाई समेत उसले बेवास्ता गरी आश्रय दिएको छ । जमिन्दारी पारिवारिक विरासतमा शान्तनुको हिमचिम, सङ्गत ठूलाबडा, टाठाबाठासँग भए पनि उसले मानवीय सेवाभाव र आश्रय दिने सवालमा भेदभावको मान्यता राखेका छैन । उसको यस उदारचेतनाले सम्पन्न र सामन्ती जमिनदारहरू शोषक हुन्छन् भन्ने सामाजिक, आर्थिक एवं राजनीतिक क्षेत्रमा व्याप्त अवधारणालाई उल्ट्याई दिएको छ । आफ्नो जग्गाजमिनको रेखदेख गर्ने मानिसका छोराछोरीलाईसमेत शिक्षदीक्षा दिई योग्य मानिस खोजेर विवाह गराइदिने शान्तनु अरूको खुसीका लागि समर्पित देखिन्छन् । उनको यस सहयोगी भावनालाई उपन्यासको निम्न साक्ष्यले प्रस्तुत गरेको छ । दिव्यको आनीबानी, पढाइलेखाइ सब कुरा बडो गहिरोसँग गौर गरेका छन् उनले । ज्ञानप्रसाद उर्फ ज्ञानेबाट सानीकी आमाले के पाई? दुःख र पीरहरूबाहेक । यो कुरालाई हृदयङ्गम गरेका छन् उनले र पुनःसानीको जिन्दगी पनि उसकी आमाकोझैँ नहोस् भन्ने कुरामा ज्यादै सतर्क छन् । शान्तनुबाबू चाहन्छन्-उनका छत्रछायाँमा जेजति छन् खुसी हुन्, सुखी हुन् (ऐ., पृ. .६८) ।

आफ्नो आश्रयमा आएका मानिससँगै उनीहरूका सन्ततिको समेत ख्याल राख्ने शान्तनुमा जिम्मेवारीबोध पनि देखिन्छ । आफ्नो छत्रछायाँमा आएका मानिसहरू खुसी हुन्, सुखी हुन् भन्ने कुरामा उनी सतर्क छन् । पुराना पुस्ताले पारिवारिक बेमेल र पारिवारिक व्यवस्थापनको अभावमा दुःख पाउनुपरेकामा सचेत देखिने शान्तनु नयाँ पुस्ताले सुखी भएर जीवनयापन गरोस् भन्ने कामना गर्दछन् । उपन्यासमा प्रस्तुत उल्लिखित प्रतिनिधिमूलक साक्ष्यका आधारमा विश्लेषण गर्दा शान्तनुलाई अनुकूल चरित्रका रूपमा उपन्यासकारले विधान गरेकी छन् ।

उपन्यासमा बदलिँदो स्थितिअनुसार बदलिने स्वभावका र केही चाहिँ बदलिँदो स्थितिअनुसार पनि नबदलिने स्वभावका चरित्रको विधान हुन्छ । यस आधारमा पनि पात्रलाई गतिशील र गतिहीन गरी दुई वर्गमा बाँडिन्छ । गतिशील पात्रले स्थितिअनुरूप नयाँनयाँ रूप धारण गर्दछन् भने गतिहीन स्वभावका पात्र कृतिमा एकनासको स्वभावमा रहन्छन् । यस मानकका आधारमा हेर्दा शान्तनुबाबूको स्वभाव स्थिर रहेको छ । उपन्यासकारले शान्तनुबाबूलाई विगतको तराई जीवनको झझल्को प्रस्तुत गर्ने, नियतिका वाणशय्यामा पसारिएको, शब्दातीत दुःख र पीडामा बाँचेको चरित्रका रूपमा व्यवस्थित, शालीन ढङ्गले प्रस्तुत गरेकी छन् । नामअनुसार शान्त शान्तनुको चरित्र उपन्यासको आदिदेखि अन्त्यसम्म जस्तासुकै विषम स्थितिमा पनि नबदलिएको सन्दर्भ निम्न उद्धरणमा प्रस्तुत भएको छ ः समय बालुवाजस्तै फरररं उडेर जान्छ । यसरी उडेर जाने समय कहिल्यै रुक्दैन । कसैलाई पर्खदैन । नपर्खिने समयले एकपल्ट वस्तीपुरमाथि हैजाको ठूलो प्रकोप फैलायो । चमारटोल, अधिकारीटोल, गुदीगाउँ कुनै बाँकी रहेन । गाउँभरि प्याज, लसुन, अदुवाको लागि हाहाकार मच्चियो । त्यस्ता रमाइला गाउँ सबै रोदन र क्रन्दन, अलाप र विलापले कोलाहित भए । खुट्टीखोलामा रोज लासहरू थुप्रिन थाले । सुनसान भए नागबेली बाटाहरू । निर्जन भए खेत-खलियानहरू । केटाकेटीहरू घरबाट निस्कन छाडे । झिसमिसेदेखि नै गाडाका पाङ्ग्राका आवाज निस्तध..वातावरणमा फैलन लागे । अर्थात् मानिसहरू भटाभट गाउँ छाडेर भाग्न लागे । कोही जनकपुरतिर लागे । कोही राजविराजतिर भागे । शान्तनुबाबूको कचहरीघर मसानजस्तै फुङ्ग उडेको, उदास देखिन्थ्यो । उनको घरमा रोज छलफल हुन्थ्यो-जनकपुर जाने कि? अहँ । शान्तनुबाबू मानेनन् (ऐ., पृ.४५-४६) ।

उपन्यासको प्रस्तुत अंशमा वस्तीपुरमा अप्रत्यासित आइलागेको हैजाको प्रकोप र त्यसको असरबाट आक्रान्त त्रासपूर्ण वातावरणमा गाउँलेहरूको गाउँ छाडेर जाने प्रस्तावमा शान्तनुले सहमति जनाउन नसकेको सन्दर्भलाई व्यक्त गरिएको छ । यस्तो विषम स्थितिमा पनि शान्तनुको स्वभाव बदलिएको छैन । परिवर्तित समयसँगै उपन्यासको गति पनि बदलिएको छ, त्यो परिवर्तनको प्रवाहमा शान्तनु स्थिर छन् । आफूलाई परिवर्तनको प्रवाहमा समाहित गर्न शान्तनुले सकेका छैनन् । उपन्यासमा रहेका अन्य चरित्रको कार्यव्यापारको असरले पनि उनलाई परिवर्तन गराउन सकेको छैन । विभिन्न स्वाथर्वश सम्बन्ध जोड्न आउने मानिसलाई पनि आफन्तसरह नै व्यवहार गर्ने शान्तनु आर्थिक अवस्था कमजोर हुँदा पनि घरमा आउने सबै मानिसलाई समभाव राख्छन् । उनको स्वभावमा आफ्नो खस्कँदै गएको आर्थिक अवस्थाले पनि परिवर्तन ल्याउन सकेको छैन । आफ्नो आदर्शको मार्गबाट विचलित नहुने निरपेक्ष चरित्रका रूपमा शान्तनुलाई उपस्थित गराइएको सन्दर्भलाई निम्न साक्ष्यमार्फत उपन्यासमा प्रस्तुत भएको छ । ठूलो, बडेमाको, बूढो बटवृक्षमा नानाथरीका झ्याउ, लहरा टाँसिएझैं शान्तनुबाबूको उदार व्यक्तित्वविरपिरि पनि जालेमाले सम्बन्ध, नातागोता, करकुटुम्ब, छयसछयस्ती टाँसिएका छन् । राजनैतिक स्वार्थले आउने पाहुना, आफ्ना खेत -खलियानमा रोपाइँ गर्न, धान कटनी गर्न आउने परपाहुना अर्थात् आफ्ना-पराया सबैको बास बस्ने थलो बनेको छ यो घर ।

आत्मीयताको तातोपन शान्तनुबाबूको व्यक्तित्वको एक यस्तो फब्ल्याँटो हो जुन फब्ल्याँटो उनको व्यक्तित्वको शोभा हो भने आर्थिक दृष्टिकोणले शत्रु पनि हो । उनी कसैलाई नाइँ, हुँदैन भन्नै सक्दैनन् (ऐ., पृ. .७२-७३) । उपन्यासको प्रस्तुत अंशमा पनि शान्तनुबाबूको स्थिर स्वभावको चित्रण छ । आफ्नो आर्थिक अवस्था कमजोर भएका बेला आफ्नो आश्रयमा आएका मानिसलाई सहयोग गर्न शान्तनु तत्पर देखिन्छन् । समय अनुकूल होस् या प्रतिकूल उनको स्वभावमा परिवर्तन देखिन्न । कृतिमा पात्रविधानमार्फत् लेखकीय दृष्टिकोण पनि प्रस्तुत भएको हुन्छ । सकारात्मक शब्द वा सकारात्मक भाव भएका शब्दको प्रयोगबाट लेखकले पात्रमार्फत आफ्नो आसय व्यक्त गरेको हुन्छ । लेखकीय आसयलाई पनि शान्तनुबाबूको चरित्रबाट प्रकट गरिएको छ । कृतिमा कुनै सामाजिक वर्गको प्रतिनिधित्वका आधारमा पात्रलाई वर्गगत र व्यक्तिगत गरी विभाजन गर्ने प्रचलन छ । यस मान्यताले पात्र सामाजिक समस्यालाई प्रतिनिधित्व गर्न कृतिमा आएको छ कि व्यक्तिगत समस्यामा मात्र केन्द्रित छ भन्ने सन्दर्भलाई सङ्केत गर्दछ । पात्रको जीवनचेतनाका आधारको यस वर्गीकरणको कोटीमा राख्दा शान्तनुबाबूले वर्गगत पात्रको प्रतिनिधित्व गरेका छ । पर्याप्त जमिन भएका, नोकरचाकर, हरवाचरवा, भान्से, खेतखलियानमा रेखदेख गर्ने मानिससमेत राखेर बस्ने शान्तनुबाबूले जमिन्दार वर्गको प्रतिनिधित्व गरेको छ । उपन्यासमा आसन्नताका आधारमा पात्रलाइ मञ्चीय र नेपथ्य गरी दुई भागमा वर्गीकरण गरिन्छ । आसन्नताले कृतिमा पात्रको उपस्थिति प्रत्यक्ष छ कि अप्रत्यक्ष छ भन्ने सन्दर्भलाई सङ्केत गर्दछ । कृतिमा शान्तनुबाबूको उपस्थिति प्रत्यक्ष भएकाले मञ्च पात्रका रूपमा विधान गरिएको छ । मञ्चपात्रलाई कृतिको वर्तमान बिन्दुमा उभिने भूमिकामा प्रस्तुत गरिएको हुन्छ, लेखकको प्रत्यक्ष वणर्नमा समेटिएको हुन्छ । शान्तनुबाबू- त्यो शान्त रमाइलो थलोको एक नभई नहुने नाम हुन् । मान्छे बस्ने बास खोज्दै हिँडेको हुन्छ । बासले मान्छे खोज्दैन । तर बस्तीपुर र शान्तनुबाबूको अस्तित्व एकअर्कासँग कसरी गाँसिएको छ भने यी दुईको संरचना ताल र सतहझैं लाग्छ (ऐ., पृ. .२) । उपन्यासको प्रस्तुत अंशमा शान्तनुबाबूको कृतिमा उपस्थितिलाई प्रस्तुत गरिएको छ । बस्तीपुरको सेराफेरोमा उपन्यास रचित छ । उपन्यासको रचनाका लागि नभई नहुने नाममा शान्तनुको नाम समेटिएको छ । यस आधारमा उपन्यासमा शान्तनुबाबूको उपस्थिति लेखकीय वणर्नमा पनि प्रत्यक्ष छ भने वर्तमान बिन्दुमा पनि प्रत्यक्ष नै छ । कृतिको पर्याधार र संरचनाआबद्धताको आधारमा कृतिमा पात्रको विधान बद्ध र मुक्त गरी दुई प्रकारमा गरिन्छ । बद्ध पात्रविधानले कृतिको सन्दर्भ र संरचनालाई व्यवस्थित पारेको हुन्छ । यस आधारमा हेर्दा प्रस्तुत उपन्यासमा शान्तनुबाबूको विधान बद्ध चरित्रका रूपमा भएको छ । शान्तनुबाबूको भूमिका र अस्तित्वलाई उपन्यासबाट अलग गर्ने हो भने उपन्यासको पर्याधार र संरचना नै बन्दैन । सन्दर्भ र संरचना दुवैलाई सार्थक बनाई पूर्ण कृतिको स्वरुप दिन शान्तनुबाबूको भूमिका प्रमुख रहेको छ । उपन्यासको आरम्भदेखि अन्त्यसम्म व्याप्त भएको शान्तनु पुरुष चरित्रका रूपमा महत्त्वपूर्ण कार्य सम्पादन गर्ने अनुकूल, गतिहीन स्वभावको, वर्गगत मञ्चीय चरित्रका भूमिकामा आबद्ध भएको आधारमा यही पात्रलाई कृतिको प्रमुख पात्र मान्नसकिने आधार मिल्दछ भने उसको व्यक्तित्व स्थापित गर्नका लागि समानान्तर भूमिका निर्वाह गर्ने मालिक्नीसाहेब र शकुन्तलादेवी सहायक भूमिका योग्य रहेका छन् ।

## ५.३ उपन्यासको सहायक पात्रको भूमिकामा मालिक्नीसाहेब र शकुन्तलादेवी

उपन्यासमा शान्तनुबाबूकी आमाको भूमिकामा रहेकी मालिक्नीसाहेब सहायक महिला चरित्र हो । सकारात्मक भाव भएकी मालिक्नीसाहेब अनुकूल चरित्रका हैसियतमा उपन्यासमा प्रस्तुत भएकी छ । उपन्यासमा बदलिँदो स्थितिअनुसार आफ्नो स्वभाव बदल्ने गतिशील चरित्रका रूपमा उसको उपस्थिति उपन्यासमा भएको छ । जसलाई उपन्यासको निम्न साक्ष्यले प्रतिनिधित्व गरेको छ । यी बहादुर स्वास्नीमानिसका मानसिक तन्तुहरूमा पनि तीत-टर्रा स्मृतिहरू त्यसरी नै सुस्तरीसुस्तरी आउँछन् घाउका पाप्राझैं कडा भएर टाँसिन्छन् । तिनले सबै भागेकी छन् । तर एउटी निरीह स्वास्नीमान्छे बनेर केवल सहेकी मात्रचाहिँ छैन । सहनशील तत्त्वलाई मदानीमा मथेर नौनी निकालेझैं आफ्नो एक पहाडजस्तो व्यक्तित्वको निर्माण गरेकी छन् । जेठाजु-देवरहरू यस अर्थमा उनलाई देखिसहँदैनन् कि उनले आफ्नो हक र अधिकारको माग गरिन् (ऐ., पृ. १६) ।

उपन्यासको प्रस्तुत अंशमा मालिक्नीसाहेबले आफ्नो हक, अधिकार लिन आफ्ना जेठाजु-देवरसँग गरेको सङ्घर्षको स्थितिलाई प्रस्तुत गरिएको

छ । आफ्ना पतिको निधनपश्चात् सन्तानको लालनपालनका निम्ति गरेको अधिकारको दावीले मालिक्नीलाई स्थिर पात्र नभई गतिशील बनाएको छ । जीवनचेतनाका आधारमा मालिक्नीसाहेबलाई वर्गगत चेतना भएकी चरित्रका रूपमा उपन्यासमा उपस्थित गराइएको छ । उपन्यासमा मालिक्नीसाहेबले महिला वर्गको प्रतिनिधित्व गरेकी छ । पारिवारिक, सामाजिक हिसाबले अन्यायमा परेका महिलाले भोग्नुपर्ने विभिन्न समस्या मालिक्नीसाहेबको चरित्रबाट प्रकट भएको छ । उपन्यासमा प्रत्यक्ष भूमिकामा रहेकी मालिक्नीसाहेब आसन्नताका आधारमा मञ्चीय चरित्रका रूपमा प्रस्तुत भएकी छ । लेखकीय टिप्पणी र आफ्नै भूमिकामा उपन्यासको वर्तमान बिन्दुमा उसको उपस्थिति रहेको छ । कृतिको पर्याधार र संरचनामा आबद्ध भएकी मालिक्नीसाहेबलाई बद्ध पात्रमा उपन्यासमा विधान गरिएको छ । उपन्यासको पर्याधार र सन्दर्भमा सुरुदेखि बीचसम्म बाँधिएर रहेकी मालिक्नीसाहेबलाई अनिवार्य चरित्र मानिएको छ ।

उपन्यासमा शान्तनुबाबूकी पत्नी शकुन्तलादेवीलाई कार्यभूमिकाका दृष्टिले सहायक पात्रको भूमिकामा प्रस्तुत गरिएको छ । उपन्यासमा शकुन्तलादेवीले सकारात्मक दृष्टिकोणलाई प्रतिनिधित्व गरेकाले उसलाई प्रवृत्तिगत आधारमा अनुकूल पात्र मानिन्छ । परम्परालाई धान्ने, परिवारको दुःखसुखमा आफ्नो हैसियतअनुसारको सहयोगका लागि तत्पर रहने शकुन्तलादेवी स्थितिअनुसार नबदलिने गतिहीन चरित्र हो । कहिलेकाहीँ अचम्म लाग्छ शकुन्तलादेवीलाई । एक्लै सोच्ने गर्छिन्-किन होला हावाले उडाएका पत्तादेखि लिएर घरबारविहीन प्राणीसमेत हाम्रै सँघारभित्र भित्रिएका? गृहस्थीको गाडी चलाउन पनि हम्मेहम्मे परिसक्यो । यता भने संसारमा नअटाएका मानिसहरूका एक से एक बबाल पनि यहीँ जुट्छन् । यसै सँघारबाट भित्रिएपछि अभयदान प्राप्त गर्छन् (ऐ., पृ.८७) । आफ्नो घरको खस्कँदो आर्थिक अवस्थामा पनि आश्रय लिन आउने मानिसले अभयदान पाउने शकुन्तलादेवीको कथनलाई आधार मान्दा उसमा बदलिँदो चरित्र छैन । उपन्यासमा बदलिएका घटनाक्रम र स्थितिमा उसको स्वभाव परिवर्तन भएको छैन । शान्तनुबाबूको परिवारमा आउने उतारचढावलाई शकुन्तलादेवीले सहजतापूर्वक स्वीकार गरेकी छ । एक गृहिणीको भूमिकामा आएकी शकुन्तलादेवीले जीवनचेतनाका आधारमा महिला वर्गको प्रतिनिधित्व गरेकी छ । लेखकीय टिप्पणी र आफ्नै भूमिकामा प्रस्तुत भएकी शकुन्तलादेवीलाई मञ्चीय चरित्रका रूपमा उपन्यासमा प्रत्यक्ष कार्य गर्ने सक्रिय पात्र बनाइएको छ । कृतिको सन्दर्भ र संरचनासँग बाँधिएर रहेकी शकुन्तलादेवीलाई आबद्धताका आधारमा बद्ध पात्र मानिन्छ ।

## ६. निष्कर्ष

नेपाली साहित्यका कविता र उपन्यास विधामा कलम चलाउने वानीरा गिरिको शब्दातीत शान्तनु (२०५६) उपन्यास पात्रविधानका दृष्टिले उनका अघिल्ला दुई उपन्यासभन्दा पृथक देखिन्छ । आधुनिक नेपाली उपन्यास परम्परामा सङ्ख्यात्मक हिसाबले थोरै उपन्यास लेख्ने गिरिका उपन्यासले फरक निजत्व कायम गरेका छन् । आधुनिक आख्यानमा पात्रका माध्यमबाट प्रतिमान निर्माण गरी कृतिको सारलाई पाठकसमक्ष पुर्याउने उद्देश्य रहेको हुन्छ । यस उद्देश्यअनुसार आख्यानीकरण र औपन्यासिक सन्देशलाई साथसाथै प्रस्तुत गरिएको यस उपन्यासमा कार्यव्यापारसँग सम्बद्ध प्रमुख, सहायक र गौण पात्रको विधान भएको छ । उपन्यासमा बढी मूल्यको कार्य गर्ने प्रमुख चरित्रमा शान्तनुबाबू रहेको छ भने त्यसभन्दा घटी कार्य गर्ने सहायक चरित्रमा मालिक्नीसाहेब र शकुन्तलादेवी छन् । लेखकीय टिप्पणी, प्रमुख पात्र साथै सहायक पात्रले प्रसङ्वश चर्चा गरेका र घटनाक्रममा कम पुनरावृत्ति भएका गौण चरित्रको पनि उपन्यासमा उपस्थिति छ । गौण भूमिकामा उपस्थित गराइएका चरित्रले उपन्यासको भाव र शिल्प दुवै पक्षलाई व्यवस्थापन गर्न सहयोग गरेका छन् । उपन्यासको आयामअनुसार गौण चरित्रको उपस्थिति भने असन्तुलित छ । उपन्यासले ओगटेको पर्याधार र संरचनालाई मूल रूपमा प्रतिनिधित्व गर्ने शान्तनुबाबूलाई उपन्यासमा अनुकूल, गतिहीन, वर्गगत पात्र बनाई प्रत्यक्ष भूमिकामा विधान गर्दा उसलाई आदर्शीकरण गरिएको छ । सहायक भूमिकामा आएकी मालिक्नीसाहेब भने शकुन्तलादेवी भन्दा गतिशील भूमिकामा छ । शकुन्तलादेवीलाई पनि उपन्यासकारले परुम्परागत मान्यता वहन गर्ने आदर्श चरित्रमा विधान गरिएको छ । उपन्यासका प्रमुख चरित्र शान्तनुबाबूको व्याप्ति उपन्यासको आदिदेखि अन्त्यसम्म छ भने सहायक पात्र मालिक्नसाहेब र शकुन्तलाको व्याप्ति आदिदेखि अन्त्यसम्म भएको छैन । गौण चरित्रले उपन्यासको आख्यानात्मक कार्यव्यापारमा प्रासङ्गिक भूमिका निर्वाह गरेका छन् । आफ्ना उपन्यासमा अस्तित्वप्रति सचेत पात्र विधान गर्ने गिरिले यस उपन्यासमा अरूका समस्यामा संवेदनशील हुने, उदार मनोवृत्तिका चरित्रको विधान गरेकी छन् । समय र परिस्थितिअनुरूप आफूलाई परिवर्तन गर्न नसके जीवन दुर्घटित हुन्छ, मानवोचित संस्कारको सामाजिक विकासबिना व्यक्तिगत आदर्श एवं उदात्तताले समाजको परिवर्तन गर्न सकिन्न भन्ने मान्यतालाई पनि यस उपन्यासका पात्रले प्रतिनिधित्व गरेका छन् ।

## सन्दर्भ सामग्रीसूची


उपाध्याय, केशवप्रसाद (२०५९). साहित्यप्रकाश, (छैठौँ संस्क)., ललितपुर : साझा प्रकाशन ।

गिरि, वानीरा (२०६०). शब्दातीत शान्तनु, (दोस्रो संस्क.) ललितपुर : साझा प्रकाशन ।

ज्ञवाली, रामप्रसाद (२०६६). पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या, (दोस्रो संस्क.), काठमाडौं : हजुरको प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६६). साहित्य-सिद्धान्तःशोध तथा सृजनविधि, काठमाडौं : पाठ्यसामग्री पसल ।

थापा, हिमांशु (२०५०). साहित्य परिचय, (चौथो संस्क.), ललितपुर : साझा प्रकाशन ।

नेपाल, घनश्याम (सन् २००५). आख्यानका कुरा, (दोस्रो संस्क.), सिलगुडी : एकता बुक हाउस प्रा.लि. ।

न्यौपाने, टङ्कप्रसाद (२०४९). साहित्यको रूपरेखा, (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५६). उपन्यासको सौन्दर्यशास्त्र, ललितपुर : साझा प्रकाशन ।

लुइटेल, लीला (२०६८). नेपाली महिला उपन्यासकार, ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०६८). "आख्यानको व्याकरण". रत्न बृहत् नेपाली समालोचना : सैद्धान्तिक खण्ड, सम्पा. राजेन्द्र सुवदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौं: रत्न पुस्तक भण्डार, पृ.३४५-३७३ ।

सुवेदी, राजेन्द्र (२०६४). नेपाली उपन्यासःपरम्परा र प्रवृत्ति, (दोस्रो संस्क.), ललितपुरः साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४). सिर्जनात्मक लेखन सिद्धान्त र विश्लेषण, (दोस्रो संस्क.), काठमाडौं : पाठ्यसामग्री पसल ।